**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०२ दिसम्बर २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. पश्चिम बंगालकीमुख्यमंत्री ममता बनर्जीले आज विधानसभामा यूनेस्कोले राज्यलाई धरोहर पर्यटनको शीर्ष स्थल घोषित गरेको बताउनु भएको छ।

२. मुख्यमन्त्री ममता ब्यनर्जीले आलु र प्याज पहिला बंगाललाई प्राप्त हुनेछ त्यसपछि मात्र अन्य राज्यहरूलाई निर्यात गरिने बताउनु भएको छ।

३. पश्चिम बंगाल विधानसभामा आज 6 जना नवनिर्वाचित तृणमूल कांग्रेस विधायकहरुले शपथ ग्रहण गरेका छन्।

४. दार्जिलिङ अनि कालेबुङ जिल्लामा रहेको प्राथमिक शिक्षक प्रशिक्षण संस्थानलाई बढोतरी गर्दै राज्य सरकारले डिस्ट्रिक इन्स्टिच्युट फर एडुकेशन एण्ड ट्रेनिङ्गमा समावेश गरेको छ।

५. अखिल भारतीय नेवार संगठनको केन्द्रिय समितिले आज गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापासित भेटघाट गरेर विभिन्न मांगहरु गर्दै महत्वपूर्ण बैठक गरेका छन्।

**पश्चिम बंगाल- पर्यटन स्थल**

पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जीले आज विधानसभामा भन्नुभयो कि यूनेस्कोले राज्यलाई धरोहर पर्यटनको शीर्ष स्थल घोषित गरेको छ । पर्यटन क्षेत्रले लाखों युवाहरुका लागि रोजगारको अवसर उत्पन्न गरेको उहाले बताउनुभयो । मुख्यमंत्रीले भन्नुभयो – राज्यले धार्मिक, धरोहर अनि चिया पर्यटनमा महत्वपूर्ण उपलब्धिहरु प्राप्त गरेको छ। दिघामा निर्माणाधीन जगन्नाथ मंदिर चाडैनै श्रद्धालुहरुका लागि खोलिने उहाले जानकारी दिनुभयो। मुख्य मन्त्रीले अझ भन्नुभयो कि "पर्यटन क्षेत्रले लाखों युवाहरुलाई रोजगार दिएको छ अनि यो राज्यको अर्थव्यवस्थालाई बलियो बनाउनमा एउटा प्रमुख साधन बनेको छ ।"

****** ० ******

**मुख्यमन्त्री ममता - आलु र प्याज**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले विधानसभामा आलु र प्याजको निर्यातमाथि गहिरो चिन्ता व्यक्त गर्नु भएको छ। उहाँले भन्नु भयो, राज्यको आवश्यकतालाई पूरा गर्न अघि यी कृषि उत्पादहरूको निर्यात स्वीकार्य छैन। मुख्यमन्त्री ममता ब्यनर्जीले स्पष्ट रूपमा भन्नु भयो, पहिला बंगाललाई प्राप्त हुनेछ त्यसपछि मात्र अन्य राज्यहरूलाई। मुख्यमन्त्रीले निर्यातको कारणले राज्यमा आलु-प्याजको बढ्दो मूल्यमाथि रोष व्यक्त गर्नु भयो। उहाँले भन्नु भयो, बंगालको आवश्यकतालाई बेवास्ता गर्दै अन्य राज्यहरूमा आलु निर्यात गरिँदैछ जसबाट यहाँका जनतामाथि आर्थिक बोझ बढ़िरहेको छ। यस अघि मुख्यमन्त्री ममताले नवान्नमा आयोजित एक प्रेस वार्तामा पनि यसै मुद्दाप्रति असन्तोष व्यक्त गर्नु भएको थियो। उहाँले टास्क फोर्सलाई निर्देश दिनु भयो, निर्यातमाथि कड़ा नजर राखियोस्। टास्क फोर्सले तुरून्त बैठक गरी यसमाथि कारबाही शुरू गऱ्यो। बंगालमा 75 प्रतिशत प्याज उत्पादन हुन्छ, तर बढ्दो निर्यातको कारणे स्थानीय बजारमा मूल्य बढ़िरहेको छ। मुख्यमन्त्री ममताले भन्नु भयो, "यदि आलु महँगो भयो भने राज्य सरकारले यसलाई खरिद गरेर सुफल बंगला योजना अन्तर्गत वितरण गर्दछ। तर केही मानिसहरू यसलाई मुनाफा कमाउनको लागि बाहिर पठाइरहेका छन् जसले गर्दा जनतालाई समस्या भइरहेको छ।"

****** ० ******

**पश्चिम बंगाल- शपथ ग्रहण**

पश्चिम बंगाल विधानसभामा आज 6 जना नवनिर्वाचित तृणमूल कांग्रेस विधायकहरुले शपथ ग्रहण गरे । समारोहमा राज्यपाल सी.वी. आनंद बोस, मुख्यमंत्री ममता बनर्जी और विधानसभा अध्यक्ष बिमान बनर्जी पनि उपस्थित थिए। यी विधायकहरुले गत 13 नवंबरमा भएको उपचुनावमा जीत दर्ता गरेका थिए। शपथ लिने विधायकहरुमा सिताईबाट संगीता रॉय, मदारीहाटबाट जयप्रकाश टोप्पो, नैहाटीबाट सनत डे, हाड़ोआबाट शेख रबीउल इस्लाम,मिद्नापुर बाट सुजॉय हाजरा अनि तालडांगराबाट फाल्गुनी सिंघाबाबू सामेल छन् । विधानसभा सचिवालय द्वारा जारी एक अधिसूचना अनुसार विधानसभा अध्यक्ष अनि संसदीय मामलाहरुका मंत्री शोभनदेव चटर्जीले राज्यपालसित यी विधायकहरुलाई शपथ ग्रहण गराउने अनुरोध गरेका थिए। यस अवसरमा राज्यपाल अनि मुख्यमंत्री बीच सौहार्दपूर्ण वातावरण देखा पर्यो र यसलाई राजनीतिक अनि प्रशासनिक दृष्टिले महत्वपूर्ण मानिंदै छ।

****** ० ******

**बांग्लादेश - हमला**

बांग्लादेशमा हिंदुहरु माथि भैरहेको हमला, अत्याचारहरु रोक्न अनि आध्यात्मिक गुरु चिन्मय कृष्ण दासलाई छोड्ने मांग गर्दै पश्चिम बंगालका सैकडौ साधु-संतहरुले आज भारत-बांग्लादेश सीमामा प्रदर्शन गरे। यो प्रदर्शन उत्तर 24 परगना जिल्लाको पेट्रापोल बॉर्डरमा भयो , जस्म अखिल भारतीय संत समितिको नेतृत्वमा धेरै धार्मिक अनि सामाजिक संगठनहरुले भाग लिए। साधु-संतहरुले बांग्लादेशमा अल्पसंख्यकहरु बिरुद्ध बढ़दो हमला अनि अत्याचार माथि तत्काल कार्रवाही गर्ने भारतीय अनि बांग्लादेशी सरकार्हरु सित आग्रह गरेका छन्। समितिका बंगाल अध्यक्ष, स्वामी परमात्मानंदले भन्नुभयो - जब सम्म बांग्लादेश सरकार हिंदुहरु अनि मंदिरहरु माथि भैरहेको हमलाहरु रोक्न कुनै पाइला चलिन्दैन तब सम्म यो प्रदर्शन जारी रहनेछ। चिन्मय कृष्ण दास, एक आध्यात्मिक गुरु हुनुहुन्छ र उहालाई बांग्लादेशमा राजद्रोहको आरोपमा पक्राउ गरिएको छ। पश्चिम बंगाल विधानसभामा विपक्षका नेता शुभेंदु अधिकारीले पनि यस मुद्दा माथि समर्थन दिने अनि प्रदर्शन गर्ने घोषणा गरेका छन् । भारत सरकारले बांग्लादेशमा अल्पसंख्यकहरु माथि भैरहेको हमला बारे चिंता व्यक्त गरेको छ।

****** ० ******

**प्राथमिक शिक्षक प्रशिक्षण संस्थान**

दार्जिलिङ अनि कालेबुङ जिल्लामा रहेको प्राथमिक शिक्षक प्रशिक्षण संस्थानलाई बढोतरी गर्दै राज्य सरकारले डिस्ट्रिक इन्स्टिच्युट फर एड्ुकेशन एण्ड ट्रेनिङ्गमा समावेश गरेको छ। गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाको निर्देशमा प्राथमिक शिक्षा विभागका प्रभारी साथै डेपुटी चेयरम्यान चियरमेन राजेश चौहानले राज्य सरकारसित वार्तालाप गरेपछि यी दुवै कलेजहरुको बढोतरी भएको राज्य सरकारको स्टेट काउन्सि अफ एजुकेशन रिसर्च एण्ड ट्रेनिङ्गले सरकारी अध्यादेश जारी गरेको जानकारी प्राप्त भएको छ। ज्ञात रहोस् पश्चिम बङ्गालमा नेपाली भाषीको निम्ति कालेबुङमा प्राथमिक शिक्षक प्रशिक्षण संस्थान सन् १९५० अनि दार्जीलिङमा सन् १९५७ मा प्राथमिक शिक्षक प्रशिक्षण संस्थानको स्थापना भएको थियो। यसै प्रसङ्गमा हिल तराई प्राथमिक शिक्षक संगठनका केन्द्रीय महासचिव मुन्ना पाख्रिनले गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापा अनि प्राथमिक शिक्षा प्रभारी एव डेपुटी चेयरम्यान राजेश चौहानप्रति कृतज्ञता प्रकट गर्दै संगठनको दीर्घकालीन मागलाई शिरोपर गर्दै उहाँहरुले सरकार समक्ष हाम्रो मागलाइ राखेर जुन सरकारी अध्यादेश जारी भएको छ साच्चै यो प्राथमिक शिक्षाको प्रशिक्षार्थीहरुको निम्ति एक ऐतिहासिक कदम हो भनी बताउनु भएको छ। दुइवटा प्राथमिक शिक्षण केन्द्र पश्चिम बङालमै नेपाली भाषीहरुको निम्ति तत्कालीन राज्य सरकारले स्थापना गरेको हुनाले अब डिस्ट्रिक इन्स्टिच्युट फर एड्ुकेशन एण्ड ट्रेनिङ्गमा अन्तर्भुक्त भईसकेपछि पनि हाम्रो पहाड कै भाषा बुझ्ने र ज्ञान भएको प्रीन्सिपल पनि नियुक्ती गरिनु पर्ने माग हिल तराइ प्राथमिक शिक्षक संगठनले राख्नेछ भनी महासचिव मुन्ना पाख्रिनले बताउनु भएको छ।

****** ० ******

**छैटौं अनुसूची सम्झौता दिवस**

गोरामुमो द्वारा छैटौं अनुसूची सम्झौता दिवस भव्य रूपमा पालन गरिने भएको छ| गोर्खा राष्ट्रिय मुक्ति मोर्चा गोरामुमो दार्जीलिङ ब्राञ्च कमिटीको तत्वावधानमा छैटौं अनुसूची सम्झौता दिवस भव्य रूपमा मनाउने तयारी गरिएको छ। गोरामुमो दार्जीलिङ ब्राञ्च कमिटीका अध्यक्ष एमजे सुब्बाले आज दार्जीलिङ ब्राञ्च कार्यालयमा पत्रकार सम्मेलन गर्दै यो जानकारी दिनु भएको छ। श्री

सुब्बाले बताउनु भए अनुसार उक्त कार्यक्रम ६ डिसेम्बर २०२४ मा गोर्खा दुःख निवारक सम्मेलन भवन, दार्जीलिङमा आयोजना हुनेछ। यस विशेष दिनलाई गोरामुमो संस्थापक अध्यक्ष सुवास घिसिङको कुशल राजनीतिक दूरदर्शिता र नेतृत्वलाई सम्मान गर्दै मनाइनेछ। यसको साथै गोरामुमो संस्थापक अध्यक्ष सुवास घिसिङको पुण्यतिथिको अवसरमा आगामी २९ जनवरी २०२५ मा मिरिकको मञ्जु पार्कमा विशेष श्रद्धाञ्जली कार्यक्रमको आयोजना गरिने भएको छ।

****** ० ******

## खरसाङ विन्टर रन 2024

खरसाङ विन्टर रन 2024 लाई लिएर अन्तिम तयारी गर्दै आज खरसाङमा सभा सम्पन्न भयो। सभा खरसाङ महकुमा शासक आईएएस बिन्दाबासिनी तेजा दिपक उपस्थितिमा सभासद श्याम शेर्पाको अध्यक्षता र खरसाङ महकुमा खेलकूद संघको सचिव निर्मल गुरुङको सञ्चालनमा सम्पन्न भयो।
सभामा आगामी 8 दिसम्बरमा पहिलोपल्ट खरसाङमा हुने खरसाङ विन्टर रन 2024 लाई लिएर तयारीको समीक्षा गरियो। सभामा खरसाङ महकुमा खेलकूद संघ, खरसाङ एथलेटिक क्लब, खरसाङ वन विभाग, खरसाङ एसोसिएसन फर् टुरिज्म एण्ड कन्जरभेशन कमिटीका पदाधिकारीहरु उपस्थित रहेका थिए। सभामा सबैले आ-आफ्नो विचारहरु अभिव्यक्त गरेका थिए। सभामा केन्याबाट आएका एकजना महिला धावक पनि उपस्थित रहेकी थिइन्। सभामा विशेष गरेर खरसाङ विन्टर रन 2024 को प्राविधिक विभागका प्रमुख प्रवेश थापाले विन्टर रन विषयमा उपस्थित सबैलाई अन्तिस तयारी र सबैको आफ्नो आफ्नो जिम्मेवारी विषयमा जानकारी गराउनु भएको थियो। सभामा जानकारी गराइए अनुसार खरसाङ विन्टर रनको लागि अहिलेसम्म 450 जनाले पञ्जीकरण गराएका छन् र अब अनलाइन आवेदन बन्द गरिएको छ। साथै अफ् लाइन आवेदन पनि केही समयको लागि मात्र खुल्ला रहेको छ।
सभापछि खरसाङ विन्टर रन 2024 विषयमा पत्रकारहरुसित कुराकानी गर्नु हुँदै खरसाङ महकुमा शासक आईएएस बिन्दाबासिनी तेजा दिपक र सभासद श्याम शेर्पाले खरसाङ विन्टर रन 2024 मा धेरैले सहभागिता जनाउन पञ्जीकरण गरिसकेको बताउँदै यस विन्टर रनले खरसाङ क्षेत्रको पर्यटनलाई राम्रोसितले प्रमोट गर्ने साथै खरसाङलाई राम्रो हुने विश्वास व्यक्त गर्नु भएको छ।

****** ० ******

## नेवार संगठन – अनित थापा

अखिल भारतीय नेवार संगठनको केन्द्रिय समितिले आज गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापालाई खरसाङको गिद्ध पहाडस्थित सचिवालयमा भेटघाट गरेर विभिन्न मांगहरु गर्दै महत्वपूर्ण बैठक गरेका छन् । संगठनको नेतृत्व केन्द्रिय अध्यक्ष एसएन प्रधान र वरिष्ठ अधिवक्ता डीके प्रधानले गरेका थिए।
बैठकमा राङभाङ्ग आञ्चलिक समिति, मिरिक सौरैनी आञ्चलिक समिति, दार्जिलिङ आञ्चलिक समिति, खरसाड आञ्चलिक समिति, सालबारी, पानीघट्टा, रंगटङ्ग, रोहिणी सबै क्षेत्रबाट प्रतिनिधिहरु उपस्थित रहेका थिए। उक्त भेटघाटमा ११ वटा जात-गोष्ठीहरूलाई केन्द्रिय अनुसूचित जनजातिमा अन्तर्भुक्त गराउने विषयमा जीटीए प्रमुख कार्यपालको भूमिका विषयमा छलफल गरियो। त्यसरी नै दार्जिलिङमा नेवार भवन निर्माण र खरसाडको पौराणिक श्री भीमेश्वर मन्दिर एवं भवनको निर्माण गरिनु पर्ने माग गरिएको छ। त्यसरी नै बंगालकी मुख्यमन्त्रीले जात-गोष्ठीहरूको विकास बोर्डमा गरिएको फेरबदलको घोषणलाई स्वागत गर्दै नेवार बोर्डको अध्यक्ष एवं सदस्यहरूको चयन गर्दा अखिल भारतीय नेवार संगठनलाई नै मान्यता दिन अनुरोध गरिएको छ।

****** ० ******

## अनुसूचित जाति सयुंक्त मञ्च – अनित

अनुसूचित जाति सयुंक्त मञ्च, दार्जिलिङ जिल्ला समितिका प्रतिनिधिहरूले आज गोर्खाल्याण्ड क्षेत्रिय प्रशासन प्रमुख कार्यपाल अनित थापासित भेट गरेका छन्। सयुंक्त मञ्चका महासचिव राजेश गजमेरको अगुवाईमा गएका प्रतिनिधि टोलीले आगमी 22 दिसम्बर, 2024 को दिन सुकना खेल मैदानमा हुन लागि रहेको अनुसुचित जाति (कामी, दमाई अनि सार्की) को प्रथम राष्ट्रिय महाअधिवेशनको निमन्त्रणा दिंदै यस राष्ट्रिय महाधिवेशनबारे जानकारी गराउनु भएको थियो।
प्रमुख कार्यपाल अनित थापाले यस अधिवेशनबारे सकारात्मक पक्ष राख्दै आफू यसमा उपस्थित रहने वचन दिनु भएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**निरज जिम्बा**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका

****** ० ******

**विन्टर फेस्टिवल**

दार्जीलिङ हिमालयन रेलवेको

****** ० ******

**एड्स दिवस-सिलगड़ी**

आज विश्व एड्स दिवस

****** ० ******

**मिरिक इको ट्रेल**

मिरिकको आले खेलमैदान

****** ० ******

**बलाबास पूल**

बलाबास पूल आजबाट पूनः

****** ० ******

**तस्कर पक्राउ**

बागडोगरा वन

****** ० ******

क्रामाकपा कार्यशाला

क्रामाकपा केन्द्रीय समितिको आयोजनामा नोभेम्बर क्रान्ति दिवसको उपलक्ष्यमा राजनैतिक कार्यशाला मिरिक आन्चलिक समिति अन्तर्गत छोटाटिङलिङमा आयोजना गरिएको थियो। दुइ दिने कार्यशाला हिजोबाट शुरु भएको पार्टीका नेता अरूण घतानीले एक पत्रकार सम्मेलनमार्फत जानकारी दिनु भएको छ।

****** ० ******

मिरिक बक्सिङ  एकाडमी

मिरिक बक्सिङ  एकाडमीले

****** ० ******

गोरामुमो सभा

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा

****** ० ******

रंगपो

रंगपोको भोटे

****** ० ******

**<u>महाराष्ट्र सी.ई.ओ</u>**

महाराष्टका मुख्य चुनाव अधिकारीले हालैको विधानसभा चुनावमा इलेक्ट्रोनिक भोटिंग मशीन- ई.भी.एम-सित छेड़खानी झूठा दावा गर्ने एक व्यक्तिको विरूद्ध शिकायत दर्ता गरेको छ। सोशियल मीडियामा साझा गरिएको पत्रमा भनिएको छ, कुनै एक सोशियल मीडिया उपयोगकर्ताले एक भीडियो पोस्ट गरेर ई.भी.एम-सित छेड़खानीको बारेमा झूठो, अप्रमाणित अनि निराधार दावा गरेको छ। त्यस पत्रमा यो पनि उल्लेख गरिएको छ, सी.ई.ओ-द्वारा शिकायत प्राप्त भए पछि मुम्बई साइबर पुलिसले भारतीय न्यायसंहिता अनि आई.टी अधिनियम २००० को विभिन्न धाराहरू अन्तर्गतग हिज एफ.आई.आर दर्ता गरियो। पत्रमा सी.ई.ओ-को दृष्टिकोणलाई पनि दोहोराउदै भनिएको छ, ई.वी.एम-सित कुनै प्रकारको छेड़खानी गर्न सकिन्दैन अनि मशीनलाई वाईफाई वा ब्लू-टूथभएको कुनै नेटवर्कसित जोड़न सकिन्दैन।

****** ० ******

**<u>पुरस्कार</u>**

टेक्नो इण्डिया

****** ० ******

************